नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेशी, धादिङ
बागमती प्रदेश, नेपाल

पत्र संख्या : २०७९/८०
चलानी नं : १५६३

मितिः- २०७९/१०/५

विषय : राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्वन्धमा ।

श्री माध्यमिक विद्यालयहरु सवै
नीलकण्ठ नगरपालिका , धादिङ ।

प्रस्तुत विषयमा धादिङ जिल्ला खेलकुद विकास समितिको मिति २०७९/९/२१ को पत्रानुसार जिल्ला स्तरिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका लागि पालिका स्तरवाट छनौट गर्नुपर्ने भएकाले नीलकण्ठ नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखाको बार्षिक कार्य पात्रो अनुसार नीलकण्ठ नगरपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता मिति २०७९ माघ १३,१४ र १५ गते सञ्चालन हुन गइरहेकोले विद्यालयवाट तोकिएको विधामा खेल्न इच्छुक विद्यार्थी खेलाडीहरुको सहभागिताका लागी तोकिएको मापदण्डमा फाराम भरि भराई नीलकण्ठ नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्नुहुन अनुरोध छ ।

नारायण प्रसाद बाग्ले
उप सचिव

<u>प्रतियोगिता सम्वन्धि जानकारी तथा निर्देशनहरु :</u>

१.प्रतियोगिता राष्टपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका २०७९ (चौथो संशोधन २०७९। ३।५ सहित ) अनुसार सञ्चालन हुनेछ ।
२. सहभागी छात्र छात्रा शैक्षिक सत्र २०७९ को नियमित विद्यार्थी हुनुपर्नेछ साथै कक्षा १२ सम्म अध्ययनरत र १८ वर्ष उमेर ननाघेको हुनुपर्नेछ ।
३. खेलाडी छात्र, छात्राहरुको नामावली र कक्षा समेत उल्लेख गरी सम्वन्धित विद्यालयका प्रधानाध्यापकले प्रमाणित गरि फारमको साथमा खेलाडीको जन्मदर्ता वा नागरिकताको प्रतिलिपी फाराम संगै अनिवार्य संलग्न गरि मिति २०७९ माघ १० गते सम्म नीलकण्ठ नगरपालिका शिक्षा यूवा तथा खेलकुद शाखामा बुझाउनु पर्नेछ ।
४. नगरपालिका भित्रका सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयहरु प्रतियोगितामा सहभागी हुनुपर्नेछ ।
५.प्रतियोगिता उद्घाटनको दिन मिति २०७९ माघ १३ गते विहान ११ बजे पुछार वजारबाट मार्चपास हुने भएकाले सहभागी विद्यालयहरुका खेलाडीहरुले मार्चपासमा विद्यालयको ड्रेस, राष्ट्रिय झण्डा र विद्यालयको आफ्नो झण्डा सहित सहभागी हुनुपर्नेछ ।
६.खेल सञ्चालन भएको वेलामा कुनै विवाद भएमा जुरीको निर्णयनै अन्तिम निर्णय हुनेछ ।
७. खेल कार्य तालिका (टाइसिट) खेल सञ्चालन हुनु अगावै उपलब्ध गराइनेछ ।
८. खेलाडी दर्ता फाराम यसै पत्रसाथ संलग्न छ ।
९. समय भित्र फाराम दर्ता नभएमा वा नियमानुसार तोकिएको आवस्यक कागजातहरु नभएमा खेलकुदमा सहभागी गराइनेछैन ।

<u>वोधार्थ</u> : जिल्ला खेलकुद विकास समिति धादिङ ।

<u>खेलविधा</u> :

१. भलिवल : छात्ररछात्रा ९/९ जना मात्र । सम्पर्क व्यक्ति : विकास कोइराला –९८४१५२५४४६

२. कवड्डी : छात्र/छात्रा ७/७ जना मात्र । छात्र ६५ के.जी.र छात्रा ६० के.जी. भन्दा तलको हुनुपर्ने । सम्पर्क व्यक्ति : विनोद थापा मगर –९८४३८७०३०५

३. तेक्वान्दो : छात्र– ४५, ४८ र ५१ के.जी. भन्दा मुनी र छात्रा– ४२ के.जी. मुनी ४४ के.जी. मुनी र ४६ के.जी. सम्पर्क व्यक्ति : रमेशमान तुलाधर –९८५१०५०००९

४. कराते : छात्र– ४२ के.जी.,४७ के.जी. र ५२ के.जी. मुनी काता एकल । छात्रा : ४० के.जी.,४५ के.जी. र ५० के.जी. मुनी ,काता एकल । सम्पर्क व्यक्ति : भीम गुरुङ –९८४१६५६४१०

५. एथलेटिक्स : छात्र/छात्रा दुवै इभेन्ट्स (एक जना खेलाडीले एक ट्र्याक दुइ फिल्ड तथा एक फिल्ड दुइ ट्र्याक इभेन्ट मात्र खेल्न पाउनेछ भने रिलेमा मान्य हुनेछैन )

१. दौड : १०० मि.,२०० मि.,४०० मि., ८०० मि.र १५०० मिटर ।

२. रिले दौड : ४×१०० मि.,४×४०० मि.

३. हाइ–जम्प, लङ –जम्प, त्रिपल –जम्प ।

४. सटपुट : छात्र (१२ पाउन्ड) र छात्रा (८ पाउन्ड)

५. ज्याभलिन थ्रो : छात्र (८०० ग्राम) र छात्रा (६०० ग्राम)

सम्पर्क व्यक्ति : गौतम श्रेष्ठ –९८४३२५३६४२

# नीलकण्ठ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### शिक्षा यूवा तथा खेलकुद शाखा
## राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, २०७९

फोटो

## <u>खेलाडी दर्ता फाराम</u>

मिति :

खेलाडीको नामथर :
जन्ममिति :
स्थायी ठेगाना :
अध्ययनरत विद्यालय :
अध्ययनरत कक्षा :
सम्पर्क नं :
इमेल :
सहभागी हुने खेलको नाम :
समुह/तौल :
खेलाडीको औंठाको छाप : हस्ताक्षर :

सिफारिस गर्ने प्रधानाध्यापकको नामथर :
हस्ताक्षर :
मितिः
सम्पर्क नं :

<u>विद्यालयको छाप</u>

(फारामको साथमा खेलाडीको परिचय खुल्ने जन्मदर्ता वा नागरिकता प्रमाणपत्रको प्रतिलिपी अनिवार्य पेश गर्नु पर्नेछ ।)